प्रतिवेदन

# प्रदेश घरेलु हिंसाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५

सामाजिक विकास समिति

प्रदेश सभा

प्रदेश नं.१, विराटनगर

## १. सामाजिक विकास समितिका माननीय सदस्यहरु

१. मा. श्री अगम लाल चौधरी
२. मा. श्री अम्बिका थापा
३. मा. श्री कल्पना कुमारी सरदार
४. मा. श्री कृष्ण कुमारी राई
५. मा. श्री केदार कार्की
६. मा. श्री गणेश कुमार काम्बाङ्ग
७. मा. श्री झलक बहादुर मगर
८. मा. श्री निरन राई
९. मा. श्री राजेन्द्र कुमार राई
१०. मा. श्री राम चन्द्र लिम्बु
११. मा. श्री लछुमन तिवारी
१२. मा. श्री सावित्रा कुमारी रेग्मी
१३. मा. श्री सीता थेवे जबेगु

१. प्रदेश नं १ को प्रदेश सभाको मिति २०७५/४/२३ गतेको दोस्रो अधिवेशनको ३२ औं बैठकद्वारा " **प्रदेश घरेलु हिंसाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,** २०७५" सामाजिक विकास समितिमा दफावार छलफलका लागि पठाइने निर्णय प्रदेश सभाबाट सर्वसम्मत पारित भएको थियो ।

२. उक्त विधेयकमा समितिका माननीय सदस्यहरुले आफ्नो राय, सुझाब राख्दै छलफलमा मिति २०७५/४/२८, २०७५/५/१४ र २०७५/५/२० मा छलफल भएको थियो। उक्त छलफलमा उठेका विषय तथा जिज्ञासामा स्पष्टता ग्रहण गर्न समितिको बैठकहरुमा सामाजिक बिकास मन्त्री मा. श्री जिवन घिमिरे, विज्ञको रूपमा प्रदेश कानून मस्यौदा सुझाब समितिका संयोजक, सामाजिक विकास मन्त्रालयका कानूनी सल्लाहकार र अन्य आमन्त्रीत सदस्यहरू सहितको छलफल पश्चात मिति २०७५/५/२० गते समितिको बैठकको निर्णयको आधारमा यस समिति निम्न प्रस्ताव पेश गर्दछ ।

प्रस्तावहरु

१. दफा २(ख) मा यस दफा वमोजिम "घरेलु सम्बन्ध" भन्नाले "वंशज, विवाह वा......" भनी व्यवस्था भएकोमा "पति, पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र वा धर्मपुत्री भएको वा संयुत्त परिवारको सदस्य, आश्रित वा घरेलु कामदारको रुपमा...." भनी उल्लेख गर्न प्रस्ताव ।
२. परिभाषा खण्डमा स्थानीय तहको परिभाषा निम्न बमोजिम थप गर्न प्रस्ताव
   (ङ) 'स्थानिय तह': स्थानिय तह भन्नाले नेपालको संविधान बमोजिमको स्थानीय तह सम्झनु पर्छ ।
३. दफा ३ (५) बमोजिम "उपदफा (३) बमोजिम स्वास्थ्य परीक्षण र उपचार गर्दा लागेको खर्च ऐन बमोजिम पीडकबाट असुल गरिनेछ " भनी भएको व्यवस्थालाई संशोधन गरी " उपदफा (३) बमोजिम स्वास्थ्य परीक्षण र उपचार गर्दा लागेको खर्च कोषबाट व्यहोरीनेछ र त्यसरी खर्च गरिएको रकम पीडकबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ " भनी उल्लेख गर्न प्रस्ताव ।
४. दफा ३ (५) बमोजिम "....कुनै सामाजिक संघ संस्थालाई पीडितको निवेदन लिन, घटना अभिलेख राख्न ....." भनी भएको व्यवस्थालाई संशोधन गरी "....घरेलु हिंसा सम्बन्धी कार्य

गर्ने कुनै सामाजिक संघ संस्थाले पीडितलाई सहयोग गर्न रोक लगाएको मानिने छैन..." भनी उल्लेख गर्न प्रस्ताव ।

५. दफा ४ (२) (च) बमोजिम "....पीडकलाई घरबाट हटाउन लगाई पीडितलाई सुरक्षित रुपमा आफ्नो घरमा बस्ने वातावरण बनाउन पहल गर्ने..." भनी भएको व्यवस्थालाई संशोधन गरी ".... पीडितलाई सुरक्षित रुपमा आफ्नो घरमा बस्ने वातावरण बनाउन पहल गर्ने..." भनी उल्लेख गर्न प्रस्ताव ।

६. दफा ४ (२) (ठ) बमोजिम ".... पीडित, प्रभावित, साक्षी र पीडितका सहयोगीको प्रभावकारी सुरक्षा गर्न पहल गर्ने..." भनी भएको व्यवस्थालाई संशोधन गरी "... पीडित, प्रभावित, साक्षी र पीडितका सहयोगीको प्रभावकारी सुरक्षाको प्रबन्ध मिलाउने..." भनी उल्लेख गर्न प्रस्ताव

७. दफा ४ (२) (ड) बमोजिम ".... उपचार खर्च असुल गराउन पहल गर्ने..." भनी भएको व्यवस्थालाई संशोधन गरी "... उपचार खर्च असुल गराउने प्रबन्ध गर्ने...." भनी उल्लेख गर्न प्रस्ताव ।

८. दफा ५ (३) बमोजिम "... सोको व्यवस्था प्रदेश सरकार, स्थानीय तह र सामाजिक संस्थासँग सहकार्य गरी गर्न सकिनेछ... " भनी भएको व्यवस्थालाई संशोधन गरी "... सोको व्यवस्था प्रदेश सरकार, स्थानीय तह र सामाजिक संस्थासँग सहकार्य गरी संरक्षण अधिकृतले आवश्यक प्रबन्ध गर्नु पर्नेछ ।" भनी उल्लेख गर्न प्रस्ताव

९. दफा ८ (२) बमोजिम गठन हुने व्यवस्थापन समितिमा देहायका अध्यक्ष र सदस्य रहनेछन्

| | |
|---|---|
| क) मन्त्रालयका सचिव - | अध्यक्ष |
| ख) सम्बन्धित स्थानीय तहको उप-प्रमुख - | सदस्य |
| ग) आर्थिक मामिला हेर्ने मन्त्रालयका उपसचिव- | सदस्य |
| घ) भौतिक पूर्वाधार हेर्ने मन्त्रालयका उपसचिव- | सदस्य |
| ङ) नागरिक समाजका एकजना विज्ञ महिला- | सदस्य |
| च) मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख- | सदस्य सचिव |

भनी उल्लेख भएकोमा संशोधन सहित निम्न बमोजिमको अध्यक्ष र सदस्यहरु रहने गरी समिति गठन गर्न प्रस्ताव

| | |
|---|---|
| क) मन्त्रालयले मनोनित गरेको व्यक्ति - | अध्यक्ष |

ख) सम्बन्धित स्थानीय तहको उप-प्रमुख - सदस्य

ग) आर्थिक मामिला हेर्ने मन्त्रालयका उपसचिव- सदस्य

घ) भौतिक पूर्वाधार हेर्ने मन्त्रालयका उपसचिव- सदस्य

ङ) मन्त्रालयले कम्तिमा दुई जना महिला सहित मनोनित गरेका तीन जना- सदस्य

च) मन्त्रालयका सम्बन्धित महाशाखा प्रमुख- सदस्य सचिव

१०. दफा ८(४) बमोजिम " उपदफा २ (ङ) बमोजिम मनोनित सदस्यको कार्यकाल २ वर्षको हुनेछ तर त्यस्तो सदस्य एक पटक पुनः नियुक्त हुन सक्नेछ " भनी उल्लेख भएकोमा संशोधन सहित "... मनोनित सदस्यको कार्यकाल ३ वर्षको हुनेछ " भनी उल्लेख गर्ने प्रस्ताव ।

११. दफा ८(५) बमोजिम "...दफा ५ (५) बमोजिम विस्तार हुने शाखा सञ्चालनका लागि देहाय बमोजिमको समिति रहनेछ।

क) सम्बन्धित स्थानीय तहका उप-प्रमुख वा उपाध्यक्ष

ख) सम्बन्धित स्थानीय तहको न्यायिक समितिका सदस्य - सदस्य

ग) मन्त्रालयले मनोनयन गरेको स्थानीय समाजसेवी वा अधिकारकर्मी एक जना - सदस्य

भनी उल्लेख भएकोमा निम्न बमोजिमको समिति गठन गर्न प्रस्ताव

क) सम्बन्धित स्थानीय तहका उप-प्रमुख वा उपाध्यक्ष - अध्यक्ष

ख) सम्बन्धित स्थानीय तहको सामाजिक विकास कार्य क्षेत्र भएको समितिका सदस्य- सदस्य

ग) मन्त्रालयले मनोनयन गरेको स्थानीय समाजसेवी वा अधिकारकर्मी मध्यबाट कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

घ) सम्बन्धित स्थानीय तहको सामाजिक विकास कार्य हेर्ने अधिकृत — सदस्य सचिव

४. यसरी प्रदेश नं १ को सामाजिक विकास समितिले "**प्रदेश सामाजिक विकास संस्थाको सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक,** २०७५" मा प्रतिवेदन प्रस्तुत गर्दै आफ्नो जिम्मेवारी सफलता पूर्वक सम्पन्न गरेको छ ।